# खाँडाचक्र नगरपालिका

## स्थानीय राजपत्र

### कार्बन आयोजनाबाट प्राप्त लाभ सदुपयोग सम्बन्धी कार्यविधि, २०८२

(नगर कार्यपालिकाबाट मिति : २०८२।११।२९ मा स्वीकृत)

# कार्बन आयोजनाबाट प्राप्त लाभ सदुपयोग सम्बन्धी कार्यविधि, २०८२

(नगर कार्यपालिकाबाट मिति : **२०८२।११।२९** मा स्वीकृत)

खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रमा सञ्चालित कार्बन उत्सर्जन न्यूनीकरण आयोजना तथा कार्यक्रम मार्फत कार्बन व्यापार प्रक्रियामा सहभागी भई प्राप्त आम्दानीलाई स्थानीय स्तरमा कार्बन आयोजनाको दिगो तथा प्रभावकारी सञ्चालन, लक्षित तथा प्रभावित वर्गको उत्थानशीलता बढाउने साथै वातावरण तथा जलवायुमैत्री दिगो बिकासको लक्ष्य हासिल गर्ने क्षेत्रमा सदुपयोग गर्न वाञ्छनीय देखिएकोले

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ (स्थानीय सञ्चीत कोष सम्बन्धि व्यवस्था) को उपदफा (४) तथा (५) मा उल्लेखित स्थानीय सञ्चीत कोष सम्बन्धि व्यवस्था साथै दफा १०२ (स्थानीय कानून बनाउने सम्बन्धि व्यवस्था) ले दिएको अधिकारको प्रयोग गरी खाँडाचक्र नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कार्बन आयोजनाबाट प्राप्त लाभ सदुपयोग सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि खाँडाचक्र नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्बन" भन्नाले पृथ्विको सतहको तापक्रम बृद्धि गर्न सघाउ गर्ने कार्बनडाइअक्साइड, मिथेन र नाइट्रस अक्साइड सम्झनुपर्छ र सो शब्दले अन्य हरितगृह ग्यासलाई समेत जनाउँछ।

(ख) "उत्सर्जन न्यूनीकरण भन्नाले हरितगृह ग्यासको उत्सर्जन घटाउने वा वायुमण्डलमा भएको कार्बन अवशोषण बढाउने प्रक्रिया वा क्रियाकलापलाई सम्झनु पर्छ ।

(ग) "कार्बन क्रेडिट" भन्नाले हरित गृह ग्यासको उत्सर्जन न्यूनीकरण भएको परिमाणलाई मापन गर्ने एकाइ सम्झनुपर्छ र सो शब्दले प्रत्येक कार्बन क्रेडिटमा एक टन कार्बनडाइअक्साइड वा सो बराबरको अन्य हरितगृह ग्यास उत्सर्जन घटाउने कार्यलाई समेत जनाउँछ ।

(घ) "कार्बन व्यापार" भन्नाले नेपाल सरकारको सम्बन्धित ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिटिङ गर्ने संयन्त्र अन्तर्गत रहेर वा स्वैच्छिक कार्बन बजारमा कार्बन क्रेडिटको खरिद बिक्री गर्ने काम सम्झनु पर्छ।

(ङ) "आयोजना दस्तावेज" भन्नाले कार्बन ब्यापारमा भाग लिन चाहने निकायले कार्वन व्यापार नियमावली २०८२ र कार्वन व्यापार सम्बन्धित संयन्त्रमा स्वीकृतिका लागि तयार गरेको विस्तृत आयोजना दस्तावेज सम्झनुपर्छ ।

(च) "कार्बन खरिद बिक्री सम्झौता" भन्नाले कार्बन क्रेडिट खरिद बिक्रीको लागि खरिदकर्ता तथा बिक्रेताबीच भएको सम्झौता सम्झनुपर्छ ।

(छ) "कार्बन आम्दानी" भन्नाले यस कार्यविधि को दफा ३ बमोजिमको कार्बन व्यापारबाट प्राप्त हुने आम्दानीलाई सम्झनुपर्छ ।

(ज) "कार्यविधि भन्नाले " कार्बन आयोजनाबाट प्राप्त लाभ सदुपयोग सम्बन्धी कार्यविधि, २०८२" लाई सम्झनुपर्छ।

(झ) " नगरपालिका भन्नाले खाँडाचक्र नगरपालिका सम्झनुपर्छ ।

## परिच्छेद २

## कार्बन आम्दानीको प्राप्ति, बाँडफाँट तथा उपयोग

३. **कार्बन आम्दानीको प्राप्तिः** (१) नगरपालिकाले विकास गरेका तथा खाँडाचक्र नगरपालिकामा संचालित कार्बन आयोजनाबाट हुने कार्बन क्रेडिट बिक्री पश्चात् कार्बन आम्दानी प्राप्त हुनेछ ।

४. **कार्बन आम्दानीको बाँडफाँट तथा उपयोग :** (१) सम्बन्धित कार्बन आयोजनाको कार्बन खरिद बिक्री सम्झौता बमोजिमको कार्बन क्रेडिट बिक्री परिमाण तथा सो को बिक्रीदर बमोजिम प्राप्त हुने कार्बन आम्दानी मध्ये सम्बन्धित संयन्त्र वा निकायहरुलाई नियमानुसार बुझाउनु पर्ने शुल्क वा दस्तुर बुझाई बाँकी हुने लाभको बाँडफाँटका लागि सम्बन्धित आयोजना सञ्चालकसँग नगरपालिकाले सम्झौता गर्न सक्नेछ ।

(२) नगरपालिका आफैं आयोजना सञ्चालक भएमा नेपाल सरकारको नियम बमोजिम खाँडाचक्र नगरपालिकाले कार्बन आयोजनाको सञ्चालन तथा सम्बन्धित कार्बन आयोजनाको खरिद बिक्री सम्झौता गरी कार्बन क्रेडिट बिक्री गर्न सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) वा (२) बमोजिम कार्बन व्यापारबाट प्राप्त लाभको अधिकतम ४० प्रतिशत रकम नगरपालिकाले जुन आयोजना तथा कार्यक्रम मार्फत सो आम्दानी प्राप्त भएको हो, सोहि आयोजना तथा कार्यक्रमको नियमित र प्रभावकारी सञ्चालन र दिगो लाभको सुनिश्चितताको लागि मर्मत सम्भार, प्रविधिको प्रतिस्थापन, सामाजिक परिचालन, प्राविधिक सेवा, कार्बन आयोजना ब्यवस्थापन समितिको बैठक, अभिलेख व्यवस्थापन, क्षमता अभिवृद्धि, अनुगमन तथा मूल्यांकनका साथै सो कार्यमा संलग्न समुदाय तथा घरधुरीहरूलाई योगदानको आधारमा प्रत्यक्ष लाभ पुग्ने वातावरण तथा जलवायु मैत्री कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

(४) नगरपालिकाले उपदफा (१) वा (२) बमोजिम कार्बन व्यापारबाट प्राप्त लाभको उपदफा (३) बमोजिम बिनियोजन पश्चात बाँकी रकम कार्बन व्यापार तथा जलवायु वित्त सम्बन्धी क्षेत्रमा आयोजनाको बिकास, बिस्तार/स्तरोन्नतिका लागि तल दिइए बमोजिमका क्षेत्रहरुमा खर्च गर्नुपर्नेछ ।

(क) स्वच्छ ऊर्जा प्रविधि (सुधारिएको चुलो, ऊर्जा किफायती विद्युतीय चुलो, सौर्य ऊर्जा, गोबरग्याँस, पानीघट्ट, लघु जलविद्युत आदि) प्रवर्द्धन, निरन्तर र प्रभावकारी उपयोगका लागि मर्मत सम्भार लगायतका प्राबिधिक सहयोग तथा सामाजिक परिचालन कार्यक्रम ।

(ख) फोहरमैलाको वातावरणमैत्री तथा दिगो व्यवस्थापन, प्रशोधन तथा फोहरबाट ऊर्जा उत्पादन प्रविधिको विकास तथा प्रवर्द्धन ।

(ग) कृषि वन नर्सरी, हरित पार्क/बगैंचा तथा हरियाली प्रवर्द्धन ।

(घ) विद्युतीय वा स्वच्छ ऊर्जामा आधारित स्थानीय यातायात प्रणाली प्रवर्द्धन ।

(ङ) जलवायुमैत्री कृषि प्रणाली (जिरो तथा सुधारिएको टिलेज, कृषि वन, प्राङ्गारिक खेती आदि) र जलवायु उत्थानशील जीविकोपार्जन, वातावरणमैत्री स्थानीय शासन लगायतका वातावरणमैत्री कार्यक्रमहरु ।

(च) उर्जा, जलवायु, विपद् तथा वातावरण सम्बन्धित स्थानीय योजना तर्जुमा तथा सो को कार्यान्वयन ।

(५) उपदफा (३) र (४) मा जेसुकै भनिएपनि चालु आयोजनाको निरन्तरताका लागि प्रबिधिको प्रतिस्थापन एकैपटक गर्नुपर्ने अनिवार्य देखिएमा नगरपालिकाले कार्बन व्यापारबाट प्राप्त लाभको कूल रकम नै प्रविधिको प्रतिस्थापनमा लक्षित गरी खर्च गर्न सकिनेछ ।

(६) माथि जेसुकै लेखिएको भएतापनि यसरी कार्बन व्यापारबाट प्राप्त लाभको रकम कुनैपनि अवस्थामा कार्बन उत्सर्जन बढाउने वा वातावरण प्रतिकूल कार्यमा खर्च गर्न पाइने छैन ।

५. **योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने :** (१) नगरपालिकाले बार्षिक नीति तथा कार्यक्रम र योजना तर्जुमाको नियमित प्रक्रियाबाट आवश्यकता एकिन गरी कार्बन व्यापारबाट प्राप्त आम्दानीको उपयोगका लागि यसै कार्यविधि बमोजिम कार्यक्रमहरु तय गरी बजेट विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद ३
## विविध

६. **खाता सञ्चालन र लेखा व्यवस्थापन :** (१) कार्बन व्यापारबाट प्राप्त आम्दानीको प्राप्ति र वितरणको अलग र व्यवस्थित लेखा राख्नु पर्नेछ । खाता सञ्चालनका सन्दर्भमा नगरपालिकाले नेपाल सरकारको प्रचलित नियमानुसार नै स्थानीय संचित कोष अन्तर्गत खाता व्यवस्थापन गर्न सक्नेछ ।

७. **कार्बन आयोजना ब्यवस्थापन समिति :** (१) यो कार्यविधि बमोजिम कार्बन व्यापारमा समन्वय तथा नगरपालिकामा प्राप्त आम्दानी उपयोगका लागि नगरपालिकामा देहाय बमोजिम एक कार्बन आयोजना ब्यवस्थापन समिति रहनेछ,

| | | |
|---|---|---|
| (क) | नगरपालिका प्रमुख | संयोजक |
| (ख) | नगरपालिका उप—प्रमुख | उप-संयोजक |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | कार्यक्रम लागु भएका वडाका वडा अध्यक्ष/प्रतिनिधि बढिमा ३ जना | सदस्य |
| (ङ) | लाभग्राही प्रतिनिधि (कम्तिमा २ जना महिला, पिछडिएको क्षेत्र, जनजाती तथा दलितको प्रतिनिधित्व हुने गरी) ३ जना | सदस्य |
| (च) | नगरपालिका स्तरीय बालबालिका, किशोरकिशोरी तथा युवा सञ्जाल प्रतिनिधि १ जना | सदस्य |
| (छ) | वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित बिषय विज्ञ वा कार्यक्रमका सहयोगी संस्थाका प्रतिनिधि १ जना | सदस्य |
| (ज) | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख १ जना | सदस्य |
| (झ) | वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| (झ) | वातावरण तथा विपद हेर्ने शाखाका प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम बमोजिम हुनेछ :

(क) कार्बन व्यापारका लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

(ख) कार्बन व्यापारबाट स्थानीय तहमा आम्दानी प्राप्तिका लागि आवश्यक समन्वय गर्ने तथा कार्बन आयोजनाका लागि आवश्यक सम्झौताका लागि सिफारिस गर्ने ।

(ग) यो कार्यविधि र स्थानीय योजना तजुर्मा प्रकृयाबाट आउने माग बमोजिम कार्बन व्यापारबाट प्राप्त आम्दानीको विनियोजन प्रस्ताव कार्यपालिकामा पेश गर्ने ।

(घ) स्थानीय सरोकारवालाहरूलाई जलवायु परिवर्तन तथा कार्बन व्यापार सम्बन्धी क्षमता अभिबृद्धि गर्ने ।

(ङ) खाँडाचक्र नगरपालिकामा कार्यान्वयन भएका कार्बन आयोजनाहरूको बर्षको कम्तिमा दुई पटक अनुगमन गर्ने ।

(च) समग्र कार्यक्रमको सञ्चालनमा विपद् तथा वातावरण शाखालाई आवश्यक सहजिकरण गर्ने ।

(छ) समग्र अभिलेख व्यवस्थापन, लेखा परिक्षण आदिको सुनिश्चितता गर्ने ।

(ज) कार्बन व्यापार सम्बन्धी असल अभ्यास तथा अनुकरणीय कार्य र आवश्यक पृष्ठपोषण दिने तथा भविष्यमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्ने ।

(३) समितिको बैठक बर्षको कम्तिमा दुई पटक बस्नेछ ।

(४) वातावरण तथा विपद हेर्ने शाखाले यस कार्यविधि बमोजिमको सम्पूर्ण नियमित कार्यहरू र अभिलेख व्यवस्थापन गर्नेछ ।

८. **लेखापरिक्षण :** (१) नगरपालिका बाट सञ्चालन हुने अन्य कार्यक्रमसँगै कार्बन आयोजनाबाट प्राप्त हुने आम्दानीको कार्यान्वयनको समेत नगरपालिकाको प्रचलित नियमानुसार आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्नु पर्नेछ ।

९. **अनुगमन र मूल्याङ्कन :** (१) नगरपालिकाले कार्बन आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) कार्बन आयोजनाबाट प्राप्त आम्दानीको विनियोजन भै सञ्चालनमा रहेका कार्यहरुको व्यवस्थित अभिलेखनका साथै नगरपालिकाबाट सञ्चालन हुने अन्य कार्यक्रम सरह नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ ।

(३) नगरपालिकामा बिद्यमान अनुगमन संयन्त्रका साथै यसै कार्यबिधिको दफा ७ (१) बमाजिमको समितिका तर्फबाट तेकिएका प्रतिनिधिहरू मार्फत समेत आवश्यकताअनुसार कार्बन आयोजनाको अनुगमन तथा मूल्याङ्कन हुन सक्नेछ ।

(४) कार्बन व्यापारको राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता तथा प्रचलन बमोजिम स्वतन्त्र निकाय, सहयोगी सघसंस्था एवं संघीय वा प्रादेशिक कार्यालयहरुबाट हुने मापन, प्रतिवेदन तथा प्रमाणीकरण (एम. आर. भी.) जस्ता कार्यहरुमा नगरपालिकाले सहयोग गर्नुपर्नेछ ।

(५) कार्बन आयोजना विकास, अनुगमन र मूल्याङ्कन तथा स्वीकृतिका लागि नगरपालिकाको परियोजनासँग सम्बन्धित साझेदार निकायलाइ आवश्यक परेका नगरपालिकास्तरमा उपलब्ध तथ्यांक प्रमाण उपलब्ध गराउन नगरपालिकाले सहयोग गर्नुपर्नेछ ।

१०. **प्रगति समीक्षा तथा प्रतिवेदन :** (१) नगरपालिकाले कार्बन व्यापार सम्बन्धी आयोजनाका साथै कार्बन व्यापारबाट प्राप्त आम्दानीको यसै कार्यविधि बमोजिम विनियोजन भै सञ्चालनमा रहेका कार्यहरुको समेत पालिकाबाट सञ्चालन हुने अन्य कार्यक्रम सरह आवधिक प्रगति समिक्षा गरी सो को प्रतिवेदन कार्यपालिकामा स्वीकृतिको लागि पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम समिक्षा बाट प्राप्त उपलब्धी तथा सिकाई बमोजिम नगरपालिकाले आगामी बर्षको योजना तर्जूमामा आवश्यक सुधार तथा समायोजन गर्नुपर्नेछ ।

११. **विविध :** (१) नगरपालिकाले कार्बन आयोजना ब्यवस्थापन सम्बन्धी कार्य गर्दा संघ तथा प्रदेशस्थित सम्बन्धित मन्त्रालयसँग समन्वय गरी कार्य गर्नेछ ।

(२) यस कार्यबिधिसँग सम्बन्धित नेपाल सरकारका ऐन, कानून तथा नियमावलीमा परिमार्जन भइ अन्यथा व्यवस्था भएमा सोही अनुकूल हुनेगरी नगर कार्यपालिकाले यस कार्यबिधिमा संशोधन गर्नुपर्नेछ ।

१२. **कार्यविधिमा संशोधन:** (१) यस कार्यविधिको आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।